# पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाबाट प्रकाशित

## स्थानीय राजपत्र

खण्डः १ संख्याः१८ मितिः२०८१/१२/१९

**भाग-२**

# सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकामा प्रस्तुतमितिः२०८१/११/१८

कार्यपालिकाबाट स्विकृतमितिः२०८१/१२/०४

१. प्रस्तावना

पुथा उत्तरगंगा गाउँपालिका लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वमा पर्ने हिमाली गाउँपालिका हो, जहाँ यातायातको पहुँच सीमित रहेको छ। यहाँ सञ्चालित सवारी साधनहरूको उचित व्यवस्थापन तथा सुरक्षाको अभावले दुर्घटनाको जोखिम बढनुको साथै विभिन्न समस्या देखिएका छन। यात्रुहरूको सुरक्षित यात्रा सुनिश्चित गर्दै, माल सामान ढुवानी व्यवस्थापन गरी, सवारी साधन नियमनद्वारा गाउँपालिकामा सवारी साधन संचालन तथा व्यवस्थापन गर्ने उदेश्यले पुथा उत्तरगंगा गाउँपालिकाको ३६ औं कार्यपालिकाको बैठकले सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ तयार गरी लागु गर्ने निर्णय गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि पुथा उत्तरगंगा गाउँपालिका भित्र गाउँकार्यपालिका स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा:** (१) विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

**(क)** **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ ।

**(ख)** **"उपाध्यक्ष"** भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दर्छ ।

**(ग)** **"गाउँपालिका"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका भन्ने बुझिन्छ ।

**(घ)** **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

३. **कार्यविधिको उद्देश्य:** (१) यो कार्यविधिको उदेश्य देहाय बमोजिम रहेको छ;

क) गाउँपालिकाभित्र र गाउँपालिकादेखी वाहिर जिल्लामा सञ्चालित सवारी साधनहरूको नियमन तथा व्यवस्थापन गरी यातायातलाई सुरक्षित, व्यवस्थित, र प्रभावकारी बनाउने।

ख) यात्रु तथा ढुवानी सेवामा संलग्न सार्वजनिक, निजी, तथा मालवाहक सवारी साधनलाई अनिवार्य रूपमा दर्ता गरी कानुनी दायरामा ल्याउने।

ग) यातायात सुरक्षा मापदण्ड लागू गरी दुर्घटना न्यूनीकरण गर्ने, जसमा सवारी नियम पालन गराउने, आवश्यक सुरक्षा उपकरणको प्रयोग अनिवार्य गराउने, र ट्राफिक नियम उल्लङ्घनमा कडा कारबाही गर्ने समावेश छ।

घ) मालवाहक तथा यात्रीवाहक सवारी साधनहरूको शुल्क व्यवस्थित गर्ने, जसअन्तर्गत यातायात शुल्क संकलन, भुक्तानी प्रक्रिया सरलीकरण, तथा डिजिटल प्रणालीमार्फत पारदर्शिता कायम गरिनेछ।

ङ) गाउँपालिकाका वडाहरूमा अनियमित रूपमा लिइने शुल्क हटाई पारदर्शी शुल्क प्रणाली विकास गर्ने।

च) गाउँपालिकाको यातायात पूर्वाधार सुधार गर्न तथा सार्वजनिक सेवा विस्तार गर्न आवश्यक राजस्व संकलन वृद्धि गर्ने।

छ) सवारी साधन सञ्चालन, यातायात सेवा प्रवाह, तथा कर तथा नियम पालना गराउने कार्यलाई प्रभावकारी अनुगमन र प्रविधिको प्रयोगबाट सुदृढ गर्ने।

४. **कार्यक्षेत्र**: (१) यस कार्यविधि पुथा उत्तरगंगा गाउँपालिका भित्र सञ्चालन हुने सम्पूर्ण प्रकारका सवारी साधनहरूमा लागू हुनेछ,

(क) निजी सवारी साधन: कार, मोटरसाइकल, स्कुटर, भ्यान, जिप आदि।

(ख) सार्वजनिक यातायात सेवा: बस, माइक्रोबस, ट्याक्सी, हाईस, जिप आदि।

(ग) मालवाहक तथा व्यावसायिक सवारी साधन: ट्रक, ट्रिपर, ट्याक्टर, पिकअप, मिनी ट्रक आदि।

(घ) गाउँपालिकाभित्र तथा बाहिरबाट आवतजावत गर्ने व्यवसायिक सवारी साधन अन्य जिल्लाबाट आउँदा वा गाउँपालिकाबाट बाहिर जाने व्यवसायिक तथा सार्वजनिक सवारी साधन।

(ङ) निर्माण तथा सेवासम्बन्धी सवारी साधन: जेसिभी, लोडर, एक्स्काभेटर, क्रेन, डोजर आदि।

५. **सवारी साधनको दर्ता तथा अनुमति**:(१) गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यावसायिक तथा सार्वजनिक सवारी साधन दर्ता अनिवार्य हुनेछ।

(२) निजी सवारी साधनको दर्ता स्वैच्छिक रहनेछ तर आवश्यक परेमा जानकारी राख्न सकिनेछ। दर्ता नभएको सवारी साधनलाई गाउँपालिकावाट प्राप्त हुने विमा र क्रिया खर्च वापतको रकम उपलव्ध हुने छैन ।

(३) दर्ता गर्दा निम्न कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

क) सवारी साधनको बिलबुक

ख) बीमा प्रमाणपत्र (चालू अवस्था)

ग) पछिल्लो कर तिरेको रसिद

घ)सार्वजनिक तथा मालवाहक सवारी साधनका लागि फिटनेस प्रमाणपत्र सवारी चालकको अनुमतिपत्र (लाइसेन्स

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(४) हरेक व्यवसायिक तथा सार्वजनिक सवारी साधनले प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म आफ्नो
दर्ता नवीकरण गर्नुपर्नेछ।

(५) समयमा नवीकरण नगरेमा तोकिएको जरिवाना लाग्नेछ ।

(६) सार्वजनिक यातायात तथा मालवाहक सवारी साधनले विशेष व्यवसायिक अनुमति लिनुपर्नेछ।

(७) ठूला निर्माण कार्य, खनिज ढुवानी, वा अन्य विशेष प्रयोजनका सवारी साधनले गाउँपालिकाबाट अग्रिम
स्वीकृति लिनुपर्नेछ।

(८) विशेष अनुमति लिने सवारी साधनहरूले तोकिएको अनुमति शुल्क तिर्नुपर्नेछ।

(९) बिना अनुमति सञ्चालित व्यावसायिक तथा सार्वजनिक सवारी साधन गाउँपालिकामा सञ्चालन गर्न पाइने छैन ।

(१०) ग्रामीण क्षेत्रका पैदलमार्गमा अवैध रूपमा सवारी सञ्चालन गरेमा तोकिएको कारबाही गरिनेछ ।

६. **यातायात शुल्क व्यवस्थापन**: (१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने सार्वजनिक सवारी साधन (बस, माइक्रोबस, ट्याक्सी, हाईस, जिप, ट्रक, ट्याक्टर, पिकअप आदि) प्रति ट्रिपमा देहाय बमोजिमको सञ्चालन अनुमति शुल्क लिइनेछ।

| सवारी साधनको किसिम | संचालन अनुमति शुल्क |
|---|---|
| बस | रु. २००० |
| माइक्रोबस | रु. २००० |
| ट्याक्सी | रु.५०० |
| हाईस | रु. २००० |
| जिप | रु. २००० |
| पिकअप | रु. ३००० |
| ट्रीपर | रु. ३००० |

पृथ्वीचन्द्र गाउँपालिका स्थानीय राजपत्र

| | |
|---|---|
| ट्रक, | रु. ३००० |
| जेसिभी, लोडर | रु. ५००० |
| स्काभेटर | रु. ५००० |
| ट्र्याक्टर | रु. ३००० |

**(२)** बाहिर जिल्लावाट यस गाउँपालिकामा प्रवशे गर्ने मालवाहक तथा व्यवसायिक सवारी साधनले लोड क्षमताका आधारमा प्रदुषण शुल्क तथा मर्मत सम्भार शुल्क ट्रिप अनुसार तिर्नुपर्नेछ ।

**(३)** यस गाउँपालिका भन्दा वाहिर तथा वाहिरवाट यस गाउँपालिकामा प्रवेश गर्ने सार्वजनिक सवारी साधन तथा भाडाका सवारीले प्रत्येक ट्रिपको लागि तोकिएको देहाय बमोजिमको प्रदुषण शुल्क तथा मर्मत सम्भार शुल्क तिर्नुपर्नेछ।

| सवारी साधनको किसिम | संचालन अनुमति शुल्क |
|---|---|
| बस | रु. १०० |
| माइक्रोबस | रु. १०० |
| ट्याक्सी | रु.१०० |
| हाईस | रु. १०० |
| जिप | रु. १०० |
| ट्याक्टर | रु. १०० |
| पिकअप | रु. १०० |
| ट्रक | रु २०० |
| ट्रीपर | रु. १०० |

(५) गाउँपालिका भित्र संचालन हुने ठूला व्यवसायिक गाडी (ट्रक, ट्रिपर, जेसिभी, लोडर आदि) ले बार्षिक रुपमा संचालन अनुमति शुल्क र मर्मत सम्भार तथा प्रदुषण शुल्क वार्षिक रु. १०००० तिर्नुपर्नेछ।

(७) यातायात कर तथा शुल्क संकलन गाउँपालिकाको डिजिटल प्रणाली वा अन्य उपयुक्त माध्यमबाट गरिनेछ।

(८) निजी कारहरुलाई मर्मत सम्भार तथा प्रदुषण शुल्क रु ५० लिनुपर्नेछ ।

(८) शुल्क संकलनको लागि गाउँपालिका क्षेत्र भित्र एउटै किसिमको पालिकाद्बारा उपलब्ध गराएको ठेलिको प्रयोग गरिनेछ । कसैले गाउँपालिका ठेलि प्रयोग नगरी सुल्क संकलन गरेमा अनधिकृत मानिनेछ ।

(९) सवारी साधन संचालनबाट संकलन भएको रकम गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

(१०) निर्धारित शुल्क तिर्न अटेर गर्ने सवारी साधनलाई पहिलोपटक चेतावनी, दोस्रोपटक जरिवाना, तेस्रोपटक सञ्चालन अनुमति खारेज गरिनेछ।

(११) अवैध रूपमा यातायात कर तथा शुल्क उठाउने क्रियाकलाप प्रतिबन्धित हुनेछ।

(१२) राजश्व संकलनको लागि अनलाईन प्रणालिको व्यवस्थापन गरिनेछ। अनलाईन प्रणालीको विकास नभए सम्मको लागि गाउँपालिकाबाट उपलब्ध गराएका आधिकारिक ठेलिको प्रयोग गरिनेछ।

७. भाडादर निर्धारणको आधार: (१) गाउँपालिकाभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी साधनहरूको भाडादर निर्धारण गर्दा निम्न आधारमा यातायात तथा सवारी साधन व्यवस्थापन समितिको बैठक बसी भाडादर निर्धारण तथा व्यवस्थापन सञ्चालन समितिलाई सिफारिस गर्नुपर्नेछ ।

क) यात्रा दूरी (किलोमिटरको आधारमा)

ख) इन्धन मूल्य तथा मर्मत खर्च

ग) सडक अवस्थाको प्रभाव

घ) यात्रु संख्याको घनत्व

ङ) अन्य सम्बन्धित खर्च तथा यातायात व्यवसायीको राय

(२) विद्यार्थी, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बन्धित प्रमाण देखाएर २०% छुट प्रदान गरिनेछ।

(३) अत्यावश्यक सेवा (जस्तै: एम्बुलेन्स, विद्यालय बस, औषधि तथा खाद्यान्न ढुवानी) का लागि छुट्टै भाडादर निर्धारण गरिनेछ।

(४) मालवाहक सवारी साधनहरूले यात्रा अघि माल ढुवानी अनुमतिपत्र (लोड पास) लिनुपर्नेछ।

८. **सवारी साधनको आयु सीमा निर्धारण:** (१) सार्वजनिक तथा व्यावसायिक प्रयोजनका सवारी साधनहरूको अधिकतम सञ्चालन अवधि २० वर्ष निर्धारण गरिनेछ।

(२) २० वर्ष पूरा भएका सवारी साधनहरूको दर्ता नवीकरण गरिने छैन।

(३) प्रत्येक ३–३ महिनामा सवारी साधनको प्रदूषण जाँच अनिवार्य गरिनुपर्नेछ।

(४) सवारी साधनको स्वस्थता परीक्षण प्रमाणपत्र चालकले अनिवार्य रूपमा साथमा राख्नुपर्नेछ।।

९. **राजश्व परिचालन:** (१) सवारी साधन संचालन तथा व्यवस्थापनबाट संकलित राजस्व निम्नलिखित कार्यहरूमा खर्च गरिनेछ ।

क) गाउँपालिका भित्रका सडकहरूको मर्मत तथा सम्भारमा प्रयोग गरिनेछ।

ख) सवारी दुर्घटनामा परी मृत्यु भएका व्यक्तिका परिवारलाई अधिकतम रु. ५०,००० (पचास हजार) सम्मको राहत उपलब्ध गराइनेछ।

ग) सवारी दुर्घटनामा परी घाइते भएका व्यक्तिहरूलाई उपचारका लागि अधिकतम रु. १०,००० (दश हजार) सम्म आर्थिक सहयोग प्रदान गरिनेछ।

घ) यातायात व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक पूर्वाधार निर्माण, ट्राफिक चिन्ह (साइनबोर्ड), गति सीमा निर्धारण, ट्राफिक सचेतना कार्यक्रम तथा अन्य व्यवस्थापन कार्यहरूमा समेत यो राजस्व परिचालन गरिनेछ।

ङ) सवारी दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम, आपत्कालीन उद्दार टोली तथा अन्य जोखिम न्यूनीकरण उपायहरूमा पनि आवश्यकतानुसार खर्च गरिनेछ।

च) सवारी दुर्घटनामा आमा वुवा गुमाई अनाथ भएका वालवालिकाहरुको निशुल्क शिक्षा लगायत आधारभुत आवश्यक्ता परिपुर्तीको लागि प्रयोग गरिने छ ।

छ) सवारी दुर्घटना भई गम्भिर घाईते भएका विरामिहरुलाई एम्वुलेन्स प्रयोग खर्च वापतको रकम भुकतानी गरिने छ।

१०. **यातायात सुरक्षा तथा नियमन**: (१) गाउँपालिकाभित्र सवारी साधनको सुरक्षित सञ्चालन सुनिश्चित गर्न तथा यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले निम्नलिखित व्यवस्था गरिनेछ ।

क) प्रमुख तथा सहायक सडकहरूमा आवश्यक ठाउँमा ट्राफिक चिन्ह (साइनबोर्ड) राख्ने व्यवस्था गरिनेछ।

ख) स्कूल, अस्पताल, बजार क्षेत्र तथा घना बस्ती भएका स्थानहरूमा गति सीमा निर्धारण गरी सवारी नियन्त्रणको व्यवस्था गरिनेछ।

ग) दुर्घटना न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम तथा प्रशिक्षणहरू सञ्चालन गरिनेछ।

घ) जोखिमयुक्त सडक खण्डमा रेलिङ, संकेत बोर्ड तथा अन्य सुरक्षाका उपायहरू लागू गरिनेछ।

ङ) गाउँपालिकाभित्र चल्ने सार्वजनिक तथा निजी सवारी साधनहरूको अनुगमन गरिनेछ।

च) यातायात नियम उल्लङ्घन गर्ने सवारी तथा चालकहरूलाई नियमानुसार कारबाही गरिनेछ।

छ) गाउँपालिकाभित्र दर्ता भएका तथा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी सवारी साधनहरूको समय-समयमा प्राविधिक जाँच गरिनेछ ।

११. <u>सवारी साधन संचालनमा सुरक्षा मापदण्डः</u> (१)गाउँपालिकाले सुरक्षित तरिकाले सवारी साधन संचालन गर्नको लागि देहाय बमोजिमको मापदण्ड तोक्ने छ ।

क) सार्वजनिक सवारी साधनले सित क्षमता भन्दा वढी यात्रुहरु राख्न पाइने छैन । यातायात व्यवसायीहरुले सित क्षमता भन्दा वढी टिकट विक्रि गर्न पाईने छैन ।

ख) सार्वजनिक सवारी साधनले हुतमा यात्रु राख्न पाईने छैन ।

ग) यात्रुको सामाग्री वाहेक अन्य सामाग्री हुतमा राख्न पाइने छैन ।

घ) मादक पदार्थ गरेर सवारी साधन चलाउनेलाई जरिवाना सहित प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

ङ) अनुमति पत्र प्राप्त नगरेको व्यक्तिले सवारी साधन चलाएमा जरिवाना र प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

च) सह चालकले सवारी साधन चलाएको पाइएमा चालक र सहचालक दुवैजनालाई जरिवाना र प्रचलित कानुन बमोजिम कार्वाही हुनैछ ।

छ) सवै यात्रुको अनिवार्य टिकट हुनुपर्नेछ । यातायात व्यवसायी र सवारी चालकले टिकट विना कसैलाई पनि सवारी साधनमा यात्रा गर्न दिएमा जरिवाना लाग्नेछ । यात्रुले टिकट विना सवारी साधनमा यात्रा गरेको पाइएमा यात्रुलाई समेत जरिवाना लाग्नेछ ।

ज) तोकिएको भाडादर भन्दा वढी भाडा लिन पाइने छैन ।

झ) गाउँपालिकावाट प्रमाणित भाडादर तालिका सवारी साधनभित्र अनिवार्य रूपमा टाँसिएको हुनुपर्नेछ।

ञ) तोकिएको स्थानवाहेक अन्य स्थानमा पार्किङ गर्न पाईने छैन ।

ट) ध्वनि तथा वायु प्रदूषण हुने गरि सवारी साधन संचालन गर्न पाइने छैन ।

१२. **कार्यान्वयन तथा प्रशासनिक व्यवस्था:** (१) गाउँपालिकाले कार्यपालिकावाट निर्णय गरि "यातायात व्यवस्थापन समिति" गठन गर्नेछ, जसले सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यान्वयनमा निगरानी गर्नेछ।

(२) यातायात व्यवस्थापन समितिमा निम्न सदस्यहरू रहनेछन्:

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सम्बन्धित वडाध्यक्षहरू – सदस्य

(ङ) कार्यपालिका सदस्य २ जना (१ महिला)

(च) सुरक्षा निकाय प्रतिनिधि – सदस्य

(छ) यातायात व्यवसायी प्रतिनिधि – सदस्य ( हिरामणि वुढा)

(ज) इञ्जिनियर/प्राविधिक – सदस्य

(झ) ट्राफिक प्रहरी प्रतिनिधि-सदस्य

(ञ) राजनीतिक दलको प्रतिनिधी

(ट) संचारकर्मी ( मैत्या घर्ती मगर)

(ठ) स्थानीय प्रतिनिधि (श्याम वुढा, विजुली वुढा मगर)

(ड) यातायात व्यवसायिहरु प्रतिनिधि-

(ढ) चालकहरुको प्रतिनिधि- दिपेन्द्र वि.क(९७४६५२६९३७)., मोहन पुन (९७६८२७३२२४), सिर्जनशिल मल्ल (९८६५३३७४४४), सन्दिप विश्वकर्मा(९८६९४६७६३१)

(ण) सम्बन्धित शाखा प्रमुख – सदस्य सचिव

(२) प्रत्येक वडामा यातायात अनुगमन समिति रहनेछ, जसले अनुगमन तथा स्थानीय यातायात समस्या समाधानमा भूमिका खेल्नेछ। वडाध्यक्षको संयोजकत्वमा समिति रहनेछ, जसमा सुरक्षा निकायका प्रतिनिधि, यातायात व्यवसायी, र स्थानीय सरोकारवालाहरू सहभागी हुनेछन्।

(३) यातायात व्यवसायी, नागरिक समाज, स्थानीय बासि तथा अन्य सरोकारवालाहरूलाई यातायात सुरक्षाबारे सचेत गराइनेछ।

१३. **दण्ड तथा जरिवाना:** (१)यस कार्यविधिमा उल्लेख गरेको शर्त तथा मापदण्ड विपरित कार्य गर्नेलाई प्रचलित कानुन बमोजिम र गाउँपालिकाले देहाय बमोजिम जरिवाना लगाउनेछ;

| क्र.स. | कसुर | जरिवाना |
|---|---|---|
| १ | अनुमति विना सवारी साधन चलाउने | ५००० |
| २ | अव्यवस्थित पार्किङ गर्ने | १०० |
| ३ | मादक पदार्थ सेवन गरी गाडी चलाउने | ५००० |
| ४ | अनधिकृत व्यक्तिले शुल्क असुल | १०००० |
| ५ | ध्वनि तथा वायु प्रदूषण गरेमा | २०० |
| ६ | यात्रु हुतमा राखेमा | ५००० |

| | | |
|---|---|---|
| ७ | अनुमति पत्र प्राप्त नगरेको व्यक्तिले सवारी साधन चलाएमा | ५००० |
| ८ | सह चालकले सवारी साधन चलाएको पाइएमा | ५००० |
| ९ | तोकिएको भाडादर भन्दा वढी वा कम लिएमा | ५००० |
| १० | सित क्षमता भन्दा वढी टिकट विक्रि गरेमा | १००० |
| ११ | टिकट विना यात्रा गराएमा | १००० |
| १२ | टिकट विना यात्रा गरेमा | १००० |

(२) उपदफा १ बमोजजिम जरिवाना गाउँपालिका कार्यालय वा सम्बन्धित वडा कार्यालय, गाउँपालिका तोकेको स्थानमा गई तिर्नुपर्नेछ।

(३) तोके बमोजिम जरिवाना नतिर्नेलाई यातायात व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक कारवाही वा संचालन अनुमति खारेज गर्न सक्नेछ।

८. कार्यविधिको संशोधन: (१) गाउँपालिका कार्यपालिकाले आवश्यक परेको खण्डमा यस कार्यविधिमा भएको प्रावधानहरु संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा भएको कुनै प्रावधान संघीय र प्रदेश कानुन संग बाझिएको हड सम्म अमान्य हुनेछ।

पृथ्वाउत्तरगंगा गाउँपालिका राजपत्र